

## चालु आ.ब.को बजेटभित्रका सत्य र भ्रमहरूको चिरफार (२)

✍ सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९ ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com






❑ वर्ष-२१ ❑ अंक - १४६ ❑ २०८३ जेठ १९ गते मंगलबार ❑ Tuesday, 02 June, 2026 ❑ मूल्य ७ /-


### प्रधानमन्त्री बालेनको सीमा अभिव्यक्तिले राजनीतिक क्षेत्र तरंगित

# ग्रेटर नेपालको दाबीमा कुटनीतिक चालबाजी

✍ खगेन्द्र कार्की

**दमक/** नेपाल-भारत सीमा विवादबारे प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले प्रतिनिधिसभामा व्यक्त गरेको धारणा यतिबेला राष्ट्रिय राजनीति र कूटनीतिक वृत्तमा व्यापक बहसको विषय बनेको छ । संसदमा सांसदहरूको प्रश्नको जवाफ दिने क्रममा उनले "भारतले मात्र होइन, नेपालले पनि भारतको केही भूभाग प्रयोग गरेको अवस्था देखिएको छ" भन्ने आशय व्यक्त गरेपछि विभिन्न राजनीतिक दल, सीमा विज्ञ तथा सामाजिक सञ्जालमा तीव्र प्रतिक्रिया आएका छन् ।

प्रधानमन्त्री शाहले सीमा विवाद सम्बन्धमा नेपालले भारत र चीनलाई कूटनीतिक नोट पठाएको तथा त्यसको जवाफ प्राप्त भइसकेको जानकारी दिएका थिए। साथै, ब्रिटिस भारतकालीन सीमा व्यवस्थापनका कारण उत्पन्न जटिलताबारे बेलायतसँग पनि पत्राचार गरिएको खुलासा गरे । उनको भनाइलाई कतिपयले सुगौली सन्धिअघिको अवस्थासँग जोडिएको 'ग्रेटर नेपाल' सम्बन्धी बहसलाई नयाँ ढंगले उठाउने कूटनीतिक प्रयासका रूपमा व्याख्या गरेका छन् ।

#### सीमा समस्या समाधानमा सरकारी योजना

सीमा विवादकै विषयमा प्रधानमन्त्री बालेन्द्र शाहले सामाजिक सञ्जाल फेसबुकबाट स्पष्ट पार्न खोजेका छन् । उनले लेखेका छन्- सीमा बिबाद सम्बन्धी ऐतिहासिक तथ्य, नक्सा, सन्धि तथा प्रमाणहरूको गहन अध्ययन गरिनेछ । साथै, बेलायतले भारत छोड्दा तत्कालीन भारतको वास्तविक सीमा अवस्था कस्तो थियो भन्ने विषयमा समेत अध्ययन गरी आवश्यक प्रमाणहरू संकलन गरिनेछ। यस कार्यका लागि सीमा सम्बन्धी अनुभवी विज्ञहरूको सहयोग लिइनेछ र बेलायत सरकारसँग समेत आवश्यक समन्वय तथा सघन छलफल भइरहेको छ । तथ्य र प्रमाणका आधारमा नेपालको राष्ट्रिय हित सुरक्षित गर्दै सीमा समस्याको समाधान खोज्न सरकार प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छु ।

समर्थकहरूका अनुसार प्रधानमन्त्रीको अभिव्यक्ति हतारमा आएको नभई सीमा समस्यालाई अन्तर्राष्ट्रिय बहसको दायरामा ल्याउने रणनीतिक संकेत हो । नेपालले लामो समयदेखि द्विपक्षीय वार्तामार्फत समाधान खोजे पनि कालापानी, लिपुलेक, लिम्पियाधुरा र सुस्ताजस्ता क्षेत्रमा ठोस प्रगति हुन नसकेको अवस्थामा नयाँ कूटनीतिक विकल्प खोजिएको हुनसक्ने उनीहरूको तर्क छ ।

यद्यपि विपक्षी दलहरूले प्रधानमन्त्रीको भनाइले नेपालको स्थापित राष्ट्रिय अडान कमजोर बनाएको आरोप लगाएका छन् । उनीहरूका अनुसार यस्तो अभिव्यक्तिले सीमा विवादमा नेपालको दाबी कमजोर पार्न सक्छ । तर सत्ता पक्षीय नेताहरूले सीमावर्ती क्षेत्रमा दशकौँदेखि रहेको 'क्रस बोर्डर अकुपेसन' अर्थात् सीमा वारपारको भूमि उपयोगलाई अतिक्रमणसँग जोडेर बुझ्न नहुने बताएका छन् ।

विशेषगरी सुस्ता क्षेत्र यस बहसको केन्द्रमा आएको छ । नदीको धार परिवर्तन, सीमास्तम्भको अभाव तथा ऐतिहासिक कारणले कतिपय नेपाली नागरिकले भारततर्फ पर्ने जमिन उपयोग गर्ने र भारतीय नागरिकले

बाँकी ४ पेजमा ▸▸

## रास्वपा सभापति लामिछाने भारत भ्रमणमा

**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पाँच दिने भारत भ्रमणका लागि प्रस्थान गरेका छन् । उनी भारतीय जनता पार्टी (भाजपा)का अध्यक्ष नीतिन नवीनको निमन्त्रणामा भारत गएका हुन् । लामिछाने जेठ २२ गते स्वदेश फर्कनेछन् । रास्वपा प्रवक्ता मनिष झाले आइतबार नै प्रेस विज्ञप्ति जारी गरेर भ्रमणबारे बताएका थिए । लामिछानेले नयाँ दिल्लीमा उच्चस्तरीय राजनीतिक तथा कूटनीतिक भेटघाट गर्ने कार्यसूची रहेको छ ।

## रास्वपा महाधिवेशन तयारी समिति

दमक । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी असार ७ देखि ९ गतेसम्म चितवनमा हुन लागेको महाधिवेशनको तयारीलाई तीव्रगति दिएको छ । रास्वपाले पहिलो ऐतिहासिक महाधिवेशनलाई सम्पन्न गर्नका लागि पार्टी सभापति रवि लामिछानेको नेतृत्वमा मूल आयोजक समिति गठन गरेको हो। महाधिवेशनलाई भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि पार्टी सभापति लामिछानेको अध्यक्षतामा 'महाधिवेशन मूल आयोजक समिति' गठन गरिएको पार्टीका प्रवक्ता कविन्द्र बुर्लाकोटीले जानकारी दिए।

उक्त समितिमा पार्टी उपसभापति एवम् अर्थमन्त्री डा स्वर्णिम वाग्ले, महामन्त्रीद्वय कविन्द्र बुर्लाकोटी र भूपदेव शाह, सहमहामन्त्री विपिनकुमार आचार्य, कोषाध्यक्ष लिमा अधिकारी, सहकोषाध्यक्ष बसुमाया तामाङ, प्रवक्ता मनिष झा, सचिवालय सदस्य विराजभक्त श्रेष्ठ र दीपकराज बोहरा रहेका छन् ।

यसैगरी, समितिमा गणेश पराजुली कानुनमन्त्री सोविता गौतम, परराष्ट्रमन्त्री शिशिर खनाल, हरि ढकाल, सरिता ज्ञवली र सागर ढकाल हुनुहुन्छ। समितिको पूर्णताका लागि पार्टीका सबै केन्द्रीय सदस्य र सातै प्रदेशका प्रदेश सभापतिलाई पनि मूल आयोजक समितिमा समेटिएको महामन्त्री बुर्लाकोटीले बताए ।

## इनर्जी प्लान्टमा आगलागी

**शिवसताक्षी/** शिवसताक्षी नगरपालिका-४ फुलचोकस्थित 'झापा इनर्जी प्लान्ट' मा आगलागी हुँदा करिब छ करोड बराबरको क्षति भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्रबहादुर खड्काका अनुसार सोमबार दिउँसोको समयमा प्लान्टमा सल्किएको आगोका कारण त्यहाँ रहेका विभिन्न मेसिनरी सामानहरु जलेर नष्ट भएका छन् । सो इनर्जी प्लान्ट शिवसताक्षी नगरपालिका-९ दुधे बस्ने ५० वर्षीय लालप्रसाद साँवाको स्वामित्वमा रहेको छ ।

## 'शिक्षा समता शुल्क', को विरोध

**दमक।** सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ देखि निजी क्षेत्रबाट सञ्चालित विद्यालय, कलेज, विश्वविद्यालय तथा प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीबाट उठाइने शुल्कमा ३ प्रतिशत 'शिक्षा समता शुल्क' लगाउने घोषणा गरेको छ । सरकारले दुर्गम क्षेत्रका बालबालिकाको शिक्षा तथा पोषण सुधारका लागि उक्त शुल्क संकलन गरिने जनाएको भए पनि अभिभावकहरूले यसलाई अतिरिक्त आर्थिक भार भन्दै विरोध जनाएका छन् ।

## अमार्यादित व्यवहार गर्ने सांसदलाई छानबिनको तयारी

**दमक/** प्रतिनिधि सभाको आईतवारको बैठकमा अमर्यादित व्यवहार गर्ने सांसदहरूमाथि छानबिन गर्न जाँचबुझ समिति गठन गरिएको छ ।

सोमवारको बैठकमा सभामुख डोलप्रसाद अर्यालले संसदमा अमर्यादित व्यवहार देखाउने र संसद बैठक कक्षमा भौतिक क्षति गर्ने सांसदहरूमाथि छानबिन गर्न प्रतिनिधि सभाका सचिव प्रकाश अधिकारीको संयोजकत्वमा जाँचबुझ आयोग गठन गरिएको जानकारी दिए । उनका अनुसार जाँचबुझ समितिमा सभाको व्यवस्थापन शाखा प्रमुख र प्रविधि शाखा प्रमुख समेत सदस्य रहेका छन् । प्रतिनिधि सभाको आईतवारको बैठकमा विपक्षी दलका सांसदहरूले वेल घेराउ गरेका थिए । त्यस क्रममा नाराबाजी भएको थियो । त्यस क्रममा भएको थियो धकेलाधकेलमा केही मर्यादापालकका ब्याच हराएको, केही मर्यादापालकलाई सामान्य चोटसमेत लागेको बताइएको छ । सभामुखले उक्त समितिले सात दिनभित्र प्रतिवेदन बुझाउने जानकारी दिंदै प्रतिवेदनको आधारमा थप प्रक्रिया अगाडि बढ्ने बताए ।

### निजीमा स्वास्थ्य बीमा बन्द

## बीपीमा बिरामीको चाप

**धरान/** निजी अस्पतालहरूमा स्वास्थ्य बीमा कार्यक्रम बन्द भएपछि उपचारका लागि आउने बिरामीको संख्या बढ्न थालेपछि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले ओपिडी सेवा व्यवस्थापनका लागि १७ वटा थप काउन्टर सञ्चालनमा ल्याएको छ । प्रतिष्ठानले सोमबारदेखि बिरामीको चाप उल्लेखनीय रूपमा बढ्ने अनुमान गर्दै ओपिडी पुर्जा वितरण तथा सेवा प्रवाहलाई सहज बनाउन अतिरिक्त काउन्टर सञ्चालन गर्ने निर्णय गरेको हो । प्रतिष्ठानका निमित्त उपकुलपति डा. इन्द्र लिम्बुका अनुसार स्वास्थ्य बीमामार्फत सेवा लिने बिरामीका लागि जीओडी भवनमा १२ वटा काउन्टर सञ्चालन गरिनेछ। त्यस्तै, स्वास्थ्य बीमा नभएका तथा शुल्क तिरेर सेवा लिने सेवाग्राहीका लागि थप ५ वटा काउन्टर व्यवस्था गरिएको छ ।

पछिल्ला दिनहरूमा प्रतिष्ठानमा उपचारका लागि आउने बिरामीको संख्या निरन्तर बढ्दै गएको छ। सरकारले आइतबार सार्वजनिक बिदा दिएपछि लामो बाँकी ४ पेजमा ▸▸

## सामुदायिक विद्यालयका शिक्षकलाई सूचना प्रविधि तालिम

**भोजपुर/** जिल्लाको पौवादुङ्मा गाउँपालिकाका सामुदायिक विद्यालयमा कार्यरत आइटी (सूचना प्रविधि) शिक्षकका लागि पाँच दिने 'सूचना प्रविधि'सम्बन्धी तालिम सञ्चालन गरिएको छ ।

शिक्षण सिकाई प्रक्रियालाई आधुनिक, प्रविधिमैत्री तथा गुणस्तरीय बनाउने उद्देश्यसहित गाउँपालिकाको पहलमा तालिम आयोजना गरिएको हो । तालिममा गाउँपालिकाभित्रका विभिन्न विद्यालयका आइटी शिक्षकको सहभागिता छ । सहभागीलाई कम्प्युटरको प्रभावकारी प्रयोग, शैक्षिक डिजिटल सामग्री निर्माण, मल्टिमिडिया प्रस्तुतीकरण, अनलाइन कक्षा सञ्चालन, ई-लर्निङ (ई-सिकाइ) माध्यमको उपयोग, इन्टरनेट सुरक्षालगायत विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरिएको छ ।

विद्यालयमा उपलब्ध प्रविधिको अधिकतम प्रयोग कसरी गर्ने भन्नेबारे पनि प्रशिक्षकले सहजीकरण गरिएको गाउँपालिका अध्यक्ष किरण राईले बताउनुभयो। तालिम अवधिभर शिक्षकले विभिन्न प्रायोगात्मक अभ्यासमार्फत सिकाइलाई थप सुदृढ बनाएका उनको भनाइ छ। डिजिटल बोर्ड, प्रोजेक्टर, भिडियो सामग्री निर्माण तथा प्रस्तुतीकरणका सीप विकासमा केन्द्रित अभ्यासले उनीहरूको क्षमता अभिवृद्धिमा सहयोग पुग्ने प्रशिक्षकले बताएका छन् ।

तालिममा सहभागी शिक्षकले सिकेका सीपहरु विद्यालयमा लागू गरी कक्षाकोठालाई थप आकर्षक र प्रभावकारी बनाउने प्रतिबद्धता जनाएका छन्। सहभागीहरुले डिजिटल माध्यममार्फत विद्यार्थीको सिकाइ रूचि बढाउने र प्रविधिको प्रयोगमार्फत नयाँनयाँ शिक्षण विधि अपनाउने बताएका छन् ।

## जोगबनी नाकामा काँढेतार

विराटनगर । भारतसँग सीमा जोडिएको विराटनगर-जोगबनी नाकामा बढ्दो अवैध तस्करी नियन्त्रण गर्न सशस्त्र प्रहरी बलले सीमावर्ती क्षेत्रमा काँडे तार लगाएको छ।

सशस्त्र प्रहरी बल मोरङका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक गेहेन्द्र भण्डारीका अनुसार जोगबनीस्थित १ नम्बर ढाट नजिक नेपालतर्फको पर्खाल क्षेत्रमा आइतबार काँडे तार जडान गरिएको हो। उक्त क्षेत्रमा रहेको स्वास्थ्य डेस्क पछाडिबाट अवैध रूपमा सामान ओसारपसार हुने गरेको गुनासो आएपछि घेराबारा गरिएको उनले बताए।

बाँकी ४ पेजमा ▸▸

## कोशी प्रदेशको नीति तथा कार्यक्रम

**विराटनगर/** कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि उत्पादन वृद्धि, रोजगारी सिर्जना, पूर्वाधार विस्तार र सुशासनलाई मुख्य प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । आइतबार प्रदेश प्रमुख परशुराम खापुङले प्रदेशसभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा कृषि, ऊर्जा, पर्यटन, शिक्षा, स्वास्थ्य र सूचना प्रविधिलाई आर्थिक वृद्धिका प्रमुख आधारका रूपमा अघि सारिएको छ ।

सरकारले कृषि उत्पादन वृद्धि गर्न सिँचाइ विस्तार, आधुनिक प्रविधिको प्रयोग र उत्पादनमुखी कार्यक्रमलाई प्राथमिकता दिने जनाएको छ । साथै युवालाई स्वरोजगार तथा उद्यमशीलतामा आकर्षित गर्न विशेष कार्यक्रम सञ्चालन गरिने उल्लेख छ ।

पूर्वाधार विकासतर्फ सडक, पुल, खानेपानी तथा ऊर्जा आयोजनालाई तीव्रता दिने योजना समावेश गरिएको छ। हरित ऊर्जा तथा नवीकरणीय ऊर्जामा निजी क्षेत्रको लगानी आकर्षित गर्ने नीति पनि सरकारले अघि सारेको छ । बाँकी ४ पेजमा ▸▸

## रतुवामा मृत फेला युवतीको पहिचान खुल्यो

**विराटनगर/** बोराभित्र राखेर झापाको दमक नगरपालिका-१० स्थित रतुवा खोलामा फेला परेको शव २१ वर्षीया युवती रमा तिवारीको भएको खुलेको छ। जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायव उपरीक्षक खगेन्द्र खड्का अनुसार शनिबार विहान ११ बजेतिर रतुवा खोलाको पुलमुनि शव भेटिएको जानकारी आएपछि प्रहरीले अनुसन्धान अघि बढाएको थियो ।

उक्त शव दमक नगरपालिका-८ बसन्त टोल बस्ने नारायण तिवारीकी छोरी २१ वर्षीया रोमा भनिने रमा तिवारीको रहेको खुलेको डिएसपी खड्काले बताए ।

प्रहरीका अनुसार रमा बुधबार राति आफ्नै घरबाट बेपत्ता भएकी थिइन् । सेतो प्लास्टिकको रातो भेष्ट र जिन्सको पाइन्ट लगाएकी महिलाको शव बोराभित्र हालेर फालिएको अवस्थामा भेटिएको थियो । प्रहरीले शवको पहिचान खुलाउन हुलिया दिएर खोजविन गरेको थियो । बाँकी ४ पेजमा ▸▸

## नेवि संघमा पहिलो महिला नेतृत्व



दमक । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीका प्रमुख भ्रातृ संस्थाहरूको नेतृत्व चयन गरेका छन् ।

केन्द्रीय कार्यसम्पादन समितिले दिएको म्यान्डेटअनुसार नेपाल विद्यार्थी सङ्घ (नेविसंघ)को अध्यक्षमा धनकुटाकी करूणा कटुवाल नियुक्त भएकी छन् । नेविसंघको इतिहासमा करूणा कटुवाल भने कोशी प्रदेशको भूगोलकी पहिलो अध्यक्ष बनेकी छन् । सङ्गठनको लामो इतिहासमा उनी पहिलो महिला अध्यक्षसमेत हुन् । विद्यार्थी राजनीतिमा पुरूष नेतृत्वको वर्चस्व रहँदै बाँकी ४ पेजमा ▸▸


**भाखा नाघेको ऋणको साँवा व्याज तथा अन्य बक्यौता रकम भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना**

*प्रथम पटक प्रकाशित मिति:२०८३।०२।१९ गते मंगलवार*

सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. दमक-६, बाट उपभोग गरेको ऋणको साँवा र व्याजको म्याद समाप्त भई लामो समयसम्म बक्यौता बाँकी रहेको र ऋण भुक्तानी सम्बन्धमा पटक-पटक तरताकेता गर्दा समेत हालसम्म ऋण भुक्तानी नगर्ने ऋणी सदस्यहरूले आफूले लिएको ऋण र सोमा लागेको व्याज तथा हर्जना समेत यस संस्थामा उपस्थित भई भुक्तानी गर्नु गराउनु होला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणको सम्पूर्ण साँवा, व्याज तथा हर्जना समेत भुक्तानी नगरेमा संस्थाको विनियम, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ साथै प्रचलित कानुन बमोजिम ऋण लिंदाको बखत यस सहकारीमा गरिदिएको लिखत अनुसार ऋणी तथा जमानीहरुको ३ पुस्ते विवरण पत्र पत्रपत्रिका मार्फत सार्वजिनक गरि हकभोग लाग्ने घर-घरानाको चल-अचल श्रीसम्पतिबाट समेत असुलउपर गर्नका लागि आवश्यक कानुनी कारवाहीहरु अगाडि बढाइने तथा ऋण असुली न्यायाधिकरण, जिल्ला अदालत लगायतका अन्य अदालतहरुमा मुद्दा गरी सहकारीले आफ्नो लेना असुलउपर गरी लिने व्यहोरा समेत तपशिलमा उल्लेखित ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबै परिवारका सदस्य तथा नातेदारहरुमा जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-६, झापा (फोन: ०२३-५७५४०१/५७५६०१)

# सम्पादकीय

## सुर्तीमुक्त समाजको चुनौती

विश्व सुर्तीजन्य पदार्थरहित दिवसका अवसरमा सार्वजनिक भएको तथ्याङ्कले नेपालका लागि गम्भीर चेतावनी दिएको छ । झापामा आयोजित कार्यक्रममा प्रस्तुत अध्ययनअनुसार १० वर्षमुनिका बालबालिकासमेत चुरोट सेवनको लतमा परेको तथ्यले समाज, परिवार र राज्य संयन्त्र सबैलाई झस्काएको छ। विद्यालय तहका बालबालिकामाझ सुर्तीजन्य पदार्थको पहुँच र प्रयोग बढ्दै जानु केवल स्वास्थ्यको समस्या होइन, भविष्यको पुस्तामाथि परेको सामाजिक संकट पनि हो ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को अध्ययनले सात प्रदेशका ५० विद्यालयमा अध्ययन गरिएका तीन हजार विद्यार्थीमध्ये धेरैले कम उमेरमै चुरोट सेवन सुरू गरेको देखाएको छ । अझ चिन्ताजनक कुरा त ५७ प्रतिशत सेवनकर्ताले बिहान उठ्नेबित्तिकै चुरोट खाने गरेको र ७४ प्रतिशतले छाड्ने प्रयास गरे पनि सफल हुन नसकेको तथ्य हो । यसले निकोटिनको लत कति गहिरो रुपमा फैलिरहेको छ भन्ने स्पष्ट संकेत गर्छ ।

आज सुर्ती उद्योगले आफ्नो बजार विस्तारका लागि परम्परागत चुरोटमा मात्र सीमित नरही भेप, हुक्का तथा विभिन्न स्वादयुक्त निकोटिनजन्य उत्पादनलाई लक्षित रुपमा किशोर(किशोरीमाझ पुऱ्याइरहेको छ । आकर्षक प्याकेजिङ, मिठासयुक्त स्वाद र आधुनिकताको भ्रम सिर्जना गरेर युवापुस्तालाई कुलततर्फ धकेल्ने प्रयास भइरहेको छ। यही कारणले विश्व स्वास्थ्य संगठनले पनि सुर्ती उद्योगका नयाँ रणनीतिप्रति विशेष सतर्कता अपनाउन आग्रह गर्दै आएको छ ।

नेपालमा हरेक वर्ष ३८ हजारभन्दा बढी मानिसको मृत्यु सुर्तीजन्य पदार्थका कारण हुने गरेको तथ्य आफैंमा भयावह छ। क्यान्सर, मुटुरोग, श्वासप्रश्वाससम्बन्धी दीर्घ रोग, मधुमेह तथा अन्य नसर्ने रोगको प्रमुख जोखिम कारकका रुपमा सुर्तीजन्य पदार्थ रहेको चिकित्सकहरुको निष्कर्ष छ । यसबाट राज्यको स्वास्थ्य क्षेत्रमा ठूलो आर्थिक भार थपिएको छ भने हजारौं परिवारले अकालमै आफ्ना सदस्य गुमाइरहेका छन् ।

सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी कानुन नेपालमा विद्यमान भए पनि यसको प्रभावकारी कार्यान्वयन अझै चुनौतीपूर्ण छ । विद्यालय वरपरको बिक्री नियन्त्रण, नाबालिगलाई बिक्रीमा कडाइ, भेप तथा हुक्काजस्ता उत्पादनको नियमन र जनचेतना अभिवृद्धि अहिलेको आवश्यकता हो । परिवारले पनि आफ्ना बालबालिकाको व्यवहार र संगतमा ध्यान दिनुपर्छ। घरभित्र धूमपानमुक्त वातावरण निर्माण गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ ।

"सुर्तीजन्य पदार्थ र निकोटिनका नयाँ रुपको भ्रम चिरौं, कुलतबाट टाढा बसौं, स्वस्थ जीवन रोजौं" भन्ने यस वर्षको नाराले वर्तमान चुनौतीलाई सही रुपमा चित्रण गरेको छ। यदि आजैबाट सरकार, विद्यालय, अभिभावक र समुदाय एकजुट भएर अभियान सञ्चालन गर्न सकेनन् भने भोलिको पुस्ता निकोटिनको कुलतमा अझ गहिरो गरी फस्ने खतरा छ । स्वस्थ, सक्षम र उत्पादनशील समाज निर्माणका लागि सुर्तीजन्य पदार्थविरूद्धको लडाइँलाई राष्ट्रिय प्राथमिकताको विषय बनाउनु अपरिहार्य भइसकेको छ ।

# चालु आ.ब.को बजेट भित्रका सत्य र भ्रमहरूको चिरफार



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**तराई पहाड हिमाल सबै क्षेत्रमा बजेटलाई सन्तुलित ढंगले समावेशी वितरण गरिएको छ। बृहत जनकपुर क्षेत्रलाई धार्मिक पर्यटन गन्तब्यको रुपमा विकसित गर्न विशेष कार्यक्रमहरु ल्याइएको छ। जनकपुर १५ दिने परिक्रमा स्थल हरु र पञ्चकोशी परिक्रमा क्षेत्रहरुमा मेला भर्न जाने यात्रु तथा तिर्थालुहरुको लागि यातायातको सुविधाको विस्तार**

जेन्जी विद्रोहपछि शक्तिशाली बनेको राष्ट्रिय स्वतन्त्र पार्टीले चुनाव जितेर दुई तिहाई बहुमत प्राप्त गरी बालेन्द्र शाहको प्रधानमन्त्रीत्वमा सरकारमा जाने हैसियत प्राप्त गरेपछि देशको आम जनतामा ठूलो खुसियाली छाएको थियो। नेपालमा लामो कालखण्डपछि स्थापित नयाँ राजनीतिक दलको रूपमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीले जनभावना र जनआकांक्षा अनुरूप तराई पहाड हिमालका भूधरातलीय यथार्थलाई पहिचान गरी अर्थमन्त्री डाक्टर स्वर्निम वाग्लेको निर्देशनमा तयार गरेको वार्षिक बजेटका कार्यक्रमहरूलाई जेठ १५ गतेका दिन पर्ने गणतन्त्र दिवसकै अवसरमा सार्वजनिक गरी संसदबाट पारित गराउने र जनताबीच सुसुचित गराउने कार्यको शुभारम्भ गरेको थियो । नेपालमा २०४६ साल पछि स्थापित भएका राजनीतिक दलहरूले सरकारमा जाने निरन्तर अवसरहरु पाइरहँदा उनीहरूले बेलाबेलामा दलीय स्वार्थमा तुष्टिकरणको सिद्धान्तलाई पालना गर्ने र देशहितमा बजेट बनाउनुको साटो आˆनो दलीय स्वार्थको आधारमा भागबण्डाबाट बजेट विनियोजन गर्ने गरेको कारणले गर्दा देशको आर्थिक विकास लाई ठूलो धक्का लाग्न पुगेको थियो। पुरानो सर्वसत्तावादी सोच र सिद्धान्त विपरीतका धारलाई अँगाल्दै स्थापित भएका नयाँ राजनीतिक शक्तिले बनाएको पहिलो बजेटबाट देशले कसरी समृद्धि, विकास, स्थिरता र शान्ति पाउँछ भन्ने कुरालाई परीक्षण गर्ने अवसर यसै बजेटबाट सुरू भइसकेको छ ।

प्रत्येक आर्थिक वर्षको प्रारम्भमा नै बनाइने वार्षिक बजेट नेपालको पञ्चवर्षीय योजनाकै एउटा भाग हो। पञ्चवर्षीय योजनाकै उद्देश्य अनुरूप निरन्तर रूपमा वार्षिक वित्तीय योजनाहरु तयार गरिन्छ र त्यसबाट योजनाको उद्देश्य लक्ष्य अनुरूप नै कार्ययोजनालाई पूरा गरिन्छ। यसपालिको वार्षिक बजेटमा जनताले धेरै आशा र अपेक्षा राखेका छन्। अब शीघ्र नै बजेट संसदबाट पारित भएर कानुन बन्दछन् र कानुनअनुसार बजेटमा लेखिएका कुराहरु विभिन्न मन्त्रालयहरु मार्फत विभिन्न क्षेत्रहरूमा हस्तान्तरण हुँदै योजनाहरूको शुभारम्भ गरिनेछ। अर्थमन्त्री डाक्टर स्वर्णिम वाग्लेले आर्थिक वर्ष २०७३/८४ को लागि कुल २१ खर्ब २४ अर्ब ३४ करोड रूपैयाँ बराबरको बजेट विनियोजन गरेका हुन् । यसमध्ये सबैभन्दा बढी बजेट पूर्वाधार विकास मन्त्रालयको लागि छुट्याइएका छन्। विगत जेन्जी विद्रोहको कारणले विभिन्न सरकारी प्रतिष्ठा प्रतिष्ठानहरूमा हुन गएको व्यापक जनधनको क्षतिलाई यो बजेटले कसरी क्षतिपूर्ति गर्लान् भन्ने कुरा बारे अहिले यकिन साथ केही भन्न सकिँदैन। आर्थिक वर्ष २०८३/८४ सालका लागि तयार गरिएको बजेटमा महिला मन्त्रालय तर्फ खर्च गर्ने गरी रू १ खर्ब २१ अर्ब छुट्याइएको छ, भने रक्षा मन्त्रालयतर्फ ६४ अर्ब ९६ करोड छुट्याइएको छ, त्यस्तै शिक्षा मन्त्रालयतर्फ रू ६२ अर्ब ८९ करोड र सञ्चार मन्त्रालयतर्फ ५ अर्ब ९३ करोड रकम विनियोजन गरिएको छ। भूमि मन्त्रालयतर्फ १२ अर्ब ७७ करोड खर्च छुट्याइएको छ भने स्वास्थ्य मन्त्रालयतर्फ ५५ अर्ब९२ करोड को बजेट निर्धारण गरिएको छ युवा मन्त्रालयतर्फ रू १ अर्ब८७ करोड को बजेट विनियोजन गरिएको छ । मन्त्रालयगत बजेटहरूको विनियोजनको अवस्था हेर्दा प्रधानमन्त्री कार्यालय को लागि ७ अर्ब४८ करोड अर्थमन्त्रालयको लागि ५७ अर्ब ५६ करोड उद्योग मन्त्रालयको लागि ८ अर्ब ३१ करोड उर्जा मन्त्रालयको लागि ४२ अर्ब६० करोड कानुन मन्त्रालयको लागि ५८ करोड ३९ लाख कृषि मन्त्रालयको लागि ६० अर्ब ३० करोड गृह मन्त्रालयको लागि रू १ खर्ब पर्यटन मन्त्रालयको लागि ७ अर्ब३४ करोड परराष्ट्र मन्त्रालयको लागि ८ अर्ब ७३ करोड विज्ञान मन्त्रालयको लागि रू ४ अर्ब तथा पूर्वाधार निर्माण मन्त्रालयको लागि रू २ अर्ब खर्च छुट्याइएको छ ।

आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माण गर्दा कुल बजेटमा विनियोजन गरेको रकम रू २१ खर्ब २४ अर्ब ३४ करोड रहेको छ । यी खर्चहरूलाई विभिन्न शीर्षकहरूमा खर्च गर्दा बजेटको करिब ३९.८% रकम अर्थात् रू १२ खर्ब७० अर्ब ५८ करोड रकम चालु खर्चको रूपमा छुट्याइएको छ भने पुजीगत खर्चमा लगानी गर्नको लागि २०.३% रकम अर्थात् रू ४ खर्ब ३१ अर्ब १० करोड छुट्याइएको छ । वित्तीय क्षेत्रहरूलाई र वित्तीय व्यवस्थालाई सुव्यवस्थित बनाउन रू ४ खर्ब २२ अर्ब ६४ करोड अर्थात् १९% रकम विनियोजन गरिएको छ । यस बजेट बाट करिब ६% जतिको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने अनुमान गरिएको छ । बजेट परिचालनबाट सरकारले बजारमा करिब ६% जति मूल्य वृद्धि भई मुद्रास्फिति हुँदै जाने अनुमान प्रक्षेपण गरिएको छ। राजस्व परिचालन लक्ष्य १४ खर्ब ५ अर्ब ३९ करोड रहेको छ भने सरकारले बजेट खर्च जुटाउन वैदेशिक अनुदान ६१ अर्ब ७४ करोड प्राप्त गर्ने मनसाय राखेको छ त्यस्तै यस आर्थिक वर्षमा वैदेशिक ऋणमा वृद्धि भई दुई खर्ब ४७ अर्ब २८ करोड पुग्ने अनुमान गरिएको छ । नेपालको वार्षिक योजनाहरु सञ्चालन गर्न पनि सरकारले ठूलो मात्रामा वैदेशिक ऋण लिने गरेको परम्परा रहेको छ । उक्त परम्परालाई यसपालि पनि जारी राखिएको छ । सरकारले बजेट सञ्चालन गर्न आन्तरिक स्रोतहरूबाट ऋण प्राप्त गरी करिब ४ खर्ब १० अर्ब रूपैयाँ जुटाउने लक्ष्य राखेको छ। सरकारले रू १० लाख सम्म वार्षिक आम्दानी हुने व्यक्तिहरूको लागि करछुटको व्यवस्था पनि गरेको छ । यसपालि पुराना सरकारहरूले बढाएर राखेको संघीय मन्त्रालयको सत्त्यालाई घटाएर २२बाट १८ पुर्याउने लक्ष्य राखेको छ । त्यस्तै नेपालमा धेरै वर्षदेखि कर्मचारीहरूको तलब भत्तामा वृद्धि हुन सकेको थिएन। यसपालि नेपाल सरकारका कर्मचारीहरूको तलब भत्तामा १०% वृद्धि गरिएको छ । भने १० प्रतिशत प्रोत्साहन भत्ताको रूपमा पनि उपलब्ध गराउने निर्णय गरिएको छ । यसबाट नेपाल सरकारका कर्मचारी वर्गहरूमा अझ नयाँ जोश र उत्साह थपिंदै जाने तथा कार्यक्षमतामा वृद्धि हुँदै जाने अपेक्षा गरिएको छ । जेष्ठ नागरिकहरूको भत्ता प्राप्त गर्ने उमेर लाई ७० वर्ष मै निर्धारण गरिएको छ । नेपालको कुल विद्युत उत्पादन क्षमतालाई वृद्धि गरेर ५,५३५ मेगावाट पुऱ्याउने लक्ष्य राखिएको छ । सरकारले नेपाली नागरिकहरूलाई उपलब्ध गराउने स्वास्थ्य बीमाको दायरालाई बढाएर ९० प्रतिशत जनतामा विस्तार गरिने लक्ष्य राखिएको छ। वार्षिक बजेटमा शिक्षा मन्त्रालयको बजेट खर्च २ खर्ब १८ अर्ब ३० करोड र स्वास्थ्य मन्त्रालयको बजेट खर्च ९६ अर्ब ४३ करोड छुट्याइएको छ । महिलाहरूको सुविधाको लागि छुट्टै ब्लु बस सेवा सञ्चालन गरिने कार्यक्रम निर्धारण गरिएको छ भने यस आर्थिक वर्षको बजेटबाट विद्युत उपभोक्ताहरूले तिर्दै आएको बिजुली बिलको रकम बढ्न सक्ने अनुमान गरिएको छ। सरकारले मासिक ५० युनिटभन्दा बढी बिजुली खपत गर्ने हरूलाई ५ प्रतिशत जति भ्याट कर लगाउने घोषणा गरेका छन् यसबाट विद्युत उपभोक्ताहरूलाई केही असजिलो पर्न सक्छ। सरकारले देशका विभिन्न क्षेत्रहरूको स्थलगत सर्वेक्षण गराएर जनताको जनआकांक्षा अनुरूप ल्याइएको बजेट ले देशलाई पक्कै पनि नयाँ उचाइमा पुर्याउने लक्ष्य राखेको छ । तराई पहाड हिमाल सबै क्षेत्रमा बजेटलाई सन्तुलित ढंगले समावेशी वितरण गरिएको छ। बृहत जनकपुर क्षेत्रलाई धार्मिक पर्यटन गन्तव्यको रूपमा विकसित गर्न विशेष कार्यक्रमहरु ल्याइएको छ। जनकपुर १५ दिने परिक्रमा स्थल हरु र पञ्चकोशी परिक्रमा क्षेत्रहरूमा मेला भर्न जाने यात्रु तथा तिर्थालुहरूको लागि यातायातको सुविधाको विस्तार गरिने लक्ष्य पनि राखिएको छ। मधेसका बारा रौतहट सर्लाही महोत्तरी र धनुषा जिल्लाको १लाख, २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाई सुविधाको विस्तार गर्नको लागि सरकारले रू ५३ करोडको विनियोजन गरेको छ । त्यस्तै नारायणी अस्पताल, रामराजा प्रसाद सिंह स्वास्थ्य प्रतिष्ठान र गजेन्द्र नारायण सिंह अस्पताललाई स्तरोन्नति गरिने कार्य हरूलाई पनि वार्षिक बजेटमा समावेश गरिएको छ। कुनै पनि देशको बजेट आफैमा पर्याप्त हुँदैन। सरकारले किफायती पूर्ण तरिकाले बजेट सञ्चालन गर्नुपर्ने हुन्छ। नेपालमा बजेटको विरोध गर्ने हरु धेरै छन् किनभने जनताका आकांक्षाहरु र संघर्षहरु भने बढी नै छन्। त्यसकारणले आवश्यक पर्दा सरकारले यी कुराहरूमा सुधार गर्दै जाने अपेक्षा गर्न सकिन्छ । बजेटबाट बेल पाक्यो कागलाई हर्ष नविश्मात भन्ने अवस्था झैँ यसपालि पक्कै पनि नेपालका गरिब र असहाय जनताले अनुभव नगर्लान् भन्ने कुरामा जनताले हेक्का राख्नु जरूरी छ ।

## ट्राफिकले एक हप्तामै झण्डै डेढ करोड राजस्व

दमक । ट्राफिक प्रहरीले एक हप्तामै सवारी नियम उल्लङ्घन गर्ने २१ हजार २ सय सवारी चालकलाई कारवाही गरेको छ । १० दिने अवधिमा सवारी नियम उल्लङ्घन गर्ने २१ हजार २ सय सवारी चालक कारबाहीमा परेका हुन् ।

ट्राफिक प्रहरीका अनुसार विभिन्न प्रकारका सवारी नियम उल्लंघनका घटनामा चालकहरूलाई कारबाही गरिएको हो। उक्त अवधिमा गरिएको कारबाहीबाट राज्य कोषमा १ करोड ४१ लाख २ हजार रूपैयाँ राजस्व संकलन भएको जनाएको छ।

यस अवधिमा लेन अनुशासन पालना नगर्ने, तीव्र गति, ट्राफिक संकेत उल्लङ्घन, कागजात नबोक्ने तथा अन्य नियमविपरीत गतिविधिमा संलग्न चालकहरु कारबाहीमा परेको छन् ।

मेची बहुउद्देश्यीय सहकारी संस्था लि. दमक, झापाको

धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०२।१९ गते

यस मेची बहुउद्देश्यीय सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न शीर्षक अन्तर्गतको कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिँदाका बखत तोकिएको भुक्तानी तालिका अनुसार कर्जाको तिर्नुपर्ने किस्ता/ब्याज (साँवा, ब्याज) तथा कर्जा लिँदा कर्जा स्वीकृत पत्र अनुसारको सर्त कबुलियत उल्लंघन गर्नुभएको र पटक-पटक मौखिक एवं लिखित तरताकिता गर्दा समेत कर्जा तिर्न आलटाल र बेवास्ता गरी कर्जा रकम चुक्ता भुक्तान गर्ने तर्फ चासो नदेखाई बसेको र ऋण चुक्ता गर्न आउने बारेको ३५ (पैतीस) दिने र १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिँदा समेत उक्त कर्जा हालसम्म पनि चुक्ता भुक्तान नगरेकोले सो कर्जामा लेखिदिएको तपसिलमा उल्लेखित धितो सुरक्षण लिलाम बिक्री गरी यस सहकारी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्नुपर्ने हुँदा यो धितो लिलाम बिक्रीसम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त कर्जामा लेखाई दिएको तपसिल बमोजिमको धितो सुरक्षण बापतको जयाजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाले आफ्नो कर्जा असुल उपर गर्नुपर्ने भएको हुँदा तपसिल अनुसारको सर्त बन्देज स्वीकार गर्न इच्छुक संघ संस्था तथा व्यक्तिहरुलाई न्यूनतम रेटमा बढाबढ गरी यो सूचना प्रकाशन गरेको मितिले ३५ दिनभित्र कार्यालय समय ५ बजेसम्ममा आवेदन दर्ता गर्नुहुन सूचित गरिन्छ।

तपसिल


| क्र.स. | ऋणीको विवरण | धितो सम्पत्ति विवरण | वर्तमान बजार तथा संस्थागत मूल्यांकनकर्ताको मूल्य |
|---|---|---|---|
| १. | नामः सौरव डोटेल<br>बाबुः कृष्णप्रसाद डोटेल<br>आमाः राधादेवी डोटेल<br>बाजेः दुर्गाप्रसाद डोटेल<br>वतनः कमल-४, झापा<br>ना.प्र.नं.:०४२०४२-२१३० (झापा) | जग्गा धनीको नामः सौरव डोटेल, राधा देवी डोटेल<br>ठेगानाः कमल-४, झापा<br>जग्गा भएको स्थानको ठेगानाः साविकः तोपगाछी ४, झापा<br>हालः कमल गा.पा. ४, झापा<br>जग्गाको कित्ता नं.: ६४१६, ४८६८, ४७८, ४८७०, ४८७१<br>जग्गाको क्षेत्रफलः ०-९-७-०, ०-६-१७.२५-० ०-२-०-०, ०-८-१४-०, ०-१-१.७५-० | १,४०,००,००० (अक्षरेपी एक करोड चालिस लाख रुपैयाँ मात्र) |

लिलाम बोलपत्रसम्बन्धी शर्तहरु

१ शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थाको प्रधान कार्यालय दमक-६, झापामा आइपुग्ने गरी पेश गर्नुपर्ने छ।
२) बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।
३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८३।०३।२३ गतेका दिन दिउँसो १:०० बजे संस्थाको प्रधान कार्यालय दमक-६, झापामा उपस्थित जनप्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका सबै जनप्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलामसम्बन्धी कार्य हुनेछ। बोलपत्रकर्ता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
६) बोलपत्रदाताले आफूले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबुल गरेको अंकको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी बापत संस्थामा बुझाएको सक्कल रसिद वा भौचर शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ।
७) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ।
८) बोलपत्रमा बोलपत्रकर्ता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा पान दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।
९) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र संस्थामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ।
१०) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले २० दिनभित्र बाँकी सम्पूर्ण रकम संस्थामा बुझाई तोकिएको समयभित्र बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भइ धरौटी रकम स्वतः जफत हुनेछ।
११) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क दै दस्तुर, कर तथा अन्य शुल्क इत्यादी बोलपत्र दाताले नै व्यहोर्नुपर्नेछ।
१२) बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन।
१३) म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
१४) बोलपत्र लगाउने अन्तिम मितिसम्ममा सम्बन्धित ऋणीले नै सम्पूर्ण रकम बुझाएमा बोलपत्रहरु रद्द गरी प्राप्त बोलकर्ताहरुले राखेको धरौटी रकम बिना ब्याज फिर्ता गरी सम्बन्धित ऋणीलाई नै निजको सम्पत्ति फिर्ता गरिनेछ।
१५) लिलाम गर्ने भनिएको उल्लेखित सम्पत्ति कसैले नबुझाएमा संस्था स्वयमूले सहकारी ऐन २०७४ को व्यवस्था अनुसार सकार गरी संस्थाको नाममा राख्ने छ।

मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
Mechi Multipurpose Cooperative Society Limited
मुख्य कार्यालयः दमक-६, झापा

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०



पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
प्रचिन विष्ट
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।



Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

रबर स्ट्याम्प बनाउने ठाउँ
बिजि स्टेशनरी एण्ड छापाखाना
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

# सामुदायिक विद्यालयको 'रोलमोडल' हि.मा.वि.

**अनुशासित जीवनशैली, प्रयोगात्मक र व्यावहारिक सिकाइ, अतिरिक्त क्रियाकलापमा अब्बल प्रशिक्षण र अभ्यासका लागि हिमालय मावि नेपालमै पर्याय नै बनेको छ । विद्यालयले शिक्षासँगै व्यावहारिक सिप विकासमा पनि जोड दिएको छ । विद्यार्थीलाई एलईडी बल्ब उत्पादन गर्ने सिप विकासका लागि शिक्षा दिँदैं उत्पादन गरिरहेको छ । जसको माध्यमबाट उनीहरू विद्यालय तहदेखि नै सिप आर्जन गर्नसमेत सफल हुँदै आएका छन् । प्राविधिक धारतर्फ कक्षा ९ देखि १२ सम्म कम्प्युटर इन्जिनियरिङ तथा विज्ञान विषयको उच्च पठनपाठन हुने यस विद्यालयमा अन्य तर्फ व्यवस्थापन, शिक्षाशास्त्र र मानविकी समूहका विभिन्न विषयको पठनपाठन हुने गरेको छ ।**






दमक-२ को हिमालय माध्यमिक विद्यालय (हि.मा.वि.) नेपालकै शैक्षिक धरोहरको रूपमा रहेको छ । सात दशकअगाडि २०१२ सालमा स्थापित यो विद्यालय सामुदायिक शैक्षिक संस्थाहरूमा त 'रोल मोडल' नै बनेको छ । विद्यार्थी चार हजारभन्दा बढी र शिक्षक-कर्मचारी समेटिएको विशाल परिवारको रूपमा हिमालय मावि स्थापित छ । अनुशासित जीवनशैली, प्रयोगात्मक र व्यावहारिक सिकाइ, अब्बल अतिरिक्त क्रियाकलाप, प्रशिक्षण र अभ्यासका लागि हि.मा.वि. नेपालकै पहिचान भएको छ ।

गत वर्ष २०८२ मा सम्पन्न एसईईको परीक्षामा यस विद्यालयका दुई विद्यार्थी रोमन बोहोरा र सौगातराज काफ्ले ४ जीपीएसहित उत्तीर्ण हुनुले पनि विद्यालयको गौरवलाई अझ बढाएको छ । त्यसैगरी ३.६ जीपीएदेखि माथि ४ जीपीएभन्दा तल ६५ जना र ३.२ जीपीएदेखि माथि ३.६ जीपीएभन्दा तल पनि ६५ जना ल्याउँदा यस विद्यालयको नतिजा जिल्लाकै उत्कृष्ट मध्येमा परेको छ ।

### ◆ समयसापेक्ष विषय र माध्यम

विज्ञान विषय तथा प्राविधिक धारतर्फ १२ सम्म कम्प्युटर इन्जिनियरिङको पठनपाठन हुने यस विद्यालयमा अन्यतर्फ व्यवस्थापन, शिक्षाशास्त्र र मानविकी संमूहका विभिन्न विषयको पठनपाठन हुने गरेको छ ।

विद्यालयमा नर्सरीदेखि कक्षा १० सम्म पूर्ण रूपमा अङ्ग्रेजी माध्यमबाट पढाइ हुन्छ भने कक्षा ११ को व्यवस्थापन शिक्षा र मानविकीतर्फ अंग्रेजी र नेपाली दुवै माध्यममा पढाईन्छ । प्रतिस्पर्धी जनशक्ति उत्पादनका लागि शिक्षकहरूबीच नियमित छलफल तथा अनुसन्धानात्मक अभ्यास गरिन्छ । विद्यालयले अध्ययनलाई केवल पाठ्यपुस्तकमा सीमित राखेको छैन, रमाइलो र सिर्जनात्मक सिकाइको माध्यम बनाएको छ । 'रमाएर पढौँ, पढेर रमाऔँ' जस्ता प्रेरणादायी भनाइहरूले विद्यालयका भित्ताहरु सजिएका छन् । कम्प्युटर शिक्षामा पनि विद्यालय अग्रणी छ । २०६० सालमै कम्प्युटर कक्षा सुरू गरिएको थियो, जुन त्यतिबेला धेरै निजी विद्यालयमा समेत थिएन । अहिले कम्प्युटर प्रशिक्षण लिन सक्ने आधुनिक सुविधासम्पन्न कम्प्युटर ल्याब रहेको छ । यसबाट विद्यालयले प्रयोगात्मक शिक्षामा जोड दिएको प्रस्ट हुन्छ ।

### ◆ सुविधायुक्त पूर्वाधार

सुरूवातमा टिनको छाना चुहिने र आवाजले पढाइ प्रभावित हुने अवस्था रहेको हि.मा.वि. अहिले आधुनिक पूर्वाधारयुक्त बनेको छ । सरकारको नमुना विद्यालय कार्यक्रमअन्तर्गत स्तरीय भवन, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, विद्यार्थीमैत्री फर्निचर र शैक्षिक सामग्रीको व्यवस्था गरिएको छ । अहिले ल्याबहरूमा एसी तथा हरेक कक्षाकोठामा सीसीटीभी, इन्टरनेट, वाल माइक र इन्टरएक्टिभ बोर्ड जडान गरिएको छ । स्वच्छ पिउने पानी, सुविधा सम्पन्न अडिटोरियम हल तथा पर्याप्त शौचालयका कारण विद्यार्थीले स्वस्थ र सुविधायुक्त वातावरणमा अध्ययन गर्न पाएका छन् । खेलकुदलाई पनि प्राथमिकता दिइएको छ । विभिन्न खेलका प्रशिक्षकको व्यवस्था तथा रात्रिकालीन खेलमैदान निर्माणको कामसमेत भइरहेको छ ।

### ◆ जीवन उपयोगी सिप र प्रतिभा प्रोत्साहन

विद्यालयले शिक्षासँगै व्यावहारिक सिप विकासमा पनि जोड दिएको छ । विद्यार्थीलाई एलईडी बल्ब उत्पादन गर्दै यससँग सम्बन्धित सीप शिक्षा प्रदान गर्ने गरिन्छ । जसको माध्यमबाट उनीहरु विद्यालय तहदेखि नै सिप आर्जन गर्नसमेत सफल हुँदै आएका छन् ।

यस्तै अतिरिक्त क्रियाकलापमा विद्यालयको उल्लेखनीय सफलता रहेको छ । राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा विद्यालयले लगातार उत्कृष्ट प्रदर्शन गर्दै प्रथम स्थान हाँसिल गर्दै आएका छन् । २०७८ सालदेखि नगरस्तरीय प्रतियोगिता लगातार जित्दै आएको विद्यालयले पछिल्लो पटक २०८२ सालमा २२ स्वर्णसहित ४० पदक जितेको छ । विद्यालयमा नियमित प्रतियोगिता तथा कार्यक्रम सञ्चालन हुने भएकाले विद्यार्थीहरूले आफ्ना प्रतिभा प्रस्फुटन गर्ने अवसर पाउँछन् । प्रधानाध्यापक द्रोणबहादुर श्रेष्ठको नेतृत्वमा विद्यालय दमक मात्र नभई देशकै नमुना विद्यालयका रूपमा स्थापित भएको छ ।

### ◆ गौरवपूर्ण इतिहास

हिमालय माध्यमिक विद्यालयले लामो शैक्षिक इतिहास बोकेको छ । २०२४ सालमा यस विद्यालयबाट पहिलोपटक पाँच जना विद्यार्थीले प्रवेशिका परीक्षा दिएका थिए । त्यतिबेला विद्यालयले परीक्षा केन्द्रको मान्यता नपाएकाले उनीहरूले तेह्रथुमको त्रिमोहन मावि केन्द्रबाट परीक्षा दिएका थिए । करिब सात दशकको इतिहास बोकेको यो विद्यालय अहिले पूर्वी नेपालकै उत्कृष्ट शैक्षिक धरोहरका रूपमा परिचित छ । उच्च शिक्षाको आवश्यकता महसुस गर्दै २०३८ सालमा दमक बहुमुखी क्याम्पसलाई जन्म दिने संस्था पनि हि.मा.वि. नै हो, यहीँका शैक्षिक अगुवाले उक्त क्याम्पसको खाका कोरेका थिए । अहिलेसम्म आइपुग्दा यो विद्यालय शैक्षिक नतिजासँगै अतिरिक्त क्रियाकलापमा पनि प्रदेशकै अग्रणी देखिएको छ ।

## जीपीए : ३.२ माथि ३.६ तल ल्याउने छात्रछात्रा

लिना चेम्जोङ
कविराज तिम्सिना
उत्सव ढकाल
लोकेन्द्र साह
क्रिस्टिना राई
मिङ्सोहाङ मादेन
विपना कालाखेती
आदरजन राई
देवराज खड्का
प्रज्वल फुयाल
नोनिम लिङ्देन लिम्बू
कौशल भण्डारी
प्रकृति पोखरेल
स्मृद्धि ढकाल
सौरभ खड्का

सङ्गम तामाङ
मौसम थापा
सुप्रिया सापकोटा
मञ्जिल पौडेल
अँकिता भट्टराई
गङ्गा राई
क्षितिज आचार्य
सुलोचना खड्का
विश्वहाङ लिम्बू
प्रियंका भट्टराई
सुहासी दाहाल
रियाना बस्नेत
पारसमणि प्रसाईँ
बालचन्द्र श्रेष्ठ
प्रजिता लामा

प्रशंसा पौडेल
कामना शेर्मा
मनमाया विश्वकर्मा
मिराक इदिङ्गो लिम्बू
मोहन पिठाकोटे
तुलसादेवी साहु
मनहाङ सम्बाहाम्फे
प्रियंका खतिवडा
शिशिर कटुवाल
दर्पण लावती
सौरभ खड्का
निशा गुरागाईँ
रचना भट्टराई
सृष्टि राई
उत्सव गिरी

श्लोक निरौला
सुनिता राई
अंकित सिंह राजपुत
आर्यन श्रेष्ठ
मनीषा कुमाल
सनया दाहाल
सिइङ हङ्गमा लावती
सिन्जुहाङ आङदेम्बे
सोनिका राई
वानु लिम्बू
अर्जुन अर्याल
महेन्द्र बस्नेत
तृसना अधिकारी
युवराज विश्वकर्मा
वन्दना साह

स्नेहा लिम्बू
आरुष श्रेष्ठ
आयुष श्रेष्ठ
सरिता चौधरी
सिजिल भुजेल ◆

| GPA Range | Total No. |
|---|---|
| 2.8 to < 3.2 | 116 |
| 2.4 to < 2.8 | 39 |
| 2.0 to < 2.4 | 2 |

| GPA Range | Total No. |
|---|---|
| 4.0 | 2 |
| 3.6 to < 4.0 | 65 |
| 3.2 to < 3.6 | 65 |

## कक्षा ११ मा भर्ना चलिरहेको छ

**गुणस्तरीय शिक्षा, पर्याप्त शैक्षिक एवं भौतिक पूर्वाधार, उच्च शैक्षिक योग्यता र अनुभवयुक्त शिक्षक, अनुशासित र अनुकूल वातावरण भएको तथा उत्कृष्ट शैक्षिक सफलता हासिल गर्दै देशकै एक उत्कृष्ट नमुना विद्यालय बन्न सफल यस हिमालय माध्यमिक विद्यालय (हि.मा.वि) मा व्यवस्थापन, शिक्षा र मानविकी समूहको कक्षा ११ मा नयाँ भर्ना धमाधम भइरहेको छ।** ***सीमित कोटा भएकोले आफ्नो स्थान चाँडै सुरक्षित गर्नु हुन हार्दिक अनुरोध छ। - प्रधानाध्यापक***



*विद्यालयको कम्प्युटर ल्याबमा अभ्यास गर्दै विद्यार्थीहरू ।*

# चार दशकपछि पश्चिम बंगाल सरकारमा नेपाली भाषीको प्रतिनिधित्व



दमक । पश्चिम बंगाल सरकारमा चार दशकपछि नेपालीभाषी (गोर्खा) समुदायको प्रतिनिधित्व भएको छ । डुबर्स क्षेत्रको कालचिनी निर्वाचन क्षेत्रबाट निर्वाचित विधायक विशाल लामा चार दशकपछि राज्य सरकारको राज्यमन्त्री बनेका छन् । उनले ढाका टोपी लगाएर नेपाली भाषामै शपथ लिएका छन् ।

मुख्यमन्त्री सुवेन्दु अधिकारी नेतृत्वको मन्त्रिपरिषद् नयाँ तथा पुराना गरी ३५ जना मन्त्रीले सोमबार शपथ लिएका छन् । तीमध्ये १३ मन्त्री, १९ राज्यमन्त्री र ३ स्वतन्त्र जिम्मेवारीसहितका राज्यमन्त्री छन् । डुबर्स क्षेत्रका नेपालीभाषी तथा आदिवासी समुदायको प्रतिनिधित्व गर्दै लामा पहिलो पटक राज्यमन्त्री बनेका हुन् । लामा सन् २०२१ पछि भाजपाको राजनीतिमार्फत उदाएका नयाँ पुस्ताका नेता हुन् । आफ्नो क्षेत्रमा जित्ने उनी पहिलो नेपालीभाषीसमेत हुन् ।

लेखक ज्ञानेन्द्र अर्यालका अनुसार शिवकुमार राई पश्चिम बंगाल सरकारमा मन्त्री बन्ने पहिलो गोर्खा-नेपाली नेता मानिन्छन् । उनी भारत स्वतन्त्रलगत्तै सन् १९४८ मा जोरबंगलो निर्वाचन क्षेत्रबाट विधायक निर्वाचित भएका थिए । पछि १९५२ देखि १९५७ सम्म उनले राज्य सरकारमा श्रम उपमन्त्रीको जिम्मेवारी सम्हालेका थिए । उनी साहित्यिक क्षेत्रमा पनि सक्रिय थिए । उनको चर्चित कृति 'डाक बंगला' नेपाली साहित्यमा उल्लेखनीय मानिन्छ ।

त्यसैगरी देउप्रकाश राई पश्चिम बंगाल सरकारमा क्याबिनेटमन्त्री बन्ने पहिलो नेपालीभाषी नेता हुन् । उनी मन्त्रीमा 'ह्याट्रिक' गर्ने नेपाली भाषी पनि हुन् । पूर्वसैनिकसमेत रहेका उनी अखिल भारतीय गोर्खा लिगका प्रभावशाली नेता थिए । उनले ट्रेड युनियन आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेका थिए र दार्जिलिङ चिया बगानको श्रमिक आन्दोलनलाई संगठित गर्न योगदान दिएका थिए ।

राई सन् १९५७ देखि १९८१ सम्म लगातार दार्जिलिङ क्षेत्रबाट विधायक चुनिए । संयुक्त मोर्चा सरकारको समयमा उनले सन् १९६७, १९६९ र १९७१ मा अनुसूचित जाति-जनजाति कल्याण मन्त्रालय तथा पछि पर्यटन मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेका थिए । उनको कार्यकाललाई दार्जिलिङको राजनीतिमा प्रभावशाली समयका रूपमा लिइन्छ ।

**बीपी....**बिदापछि सेवा लिन आउने सेवाग्राहीको संख्या झनै बढ्ने अनुमान गरिएको प्रतिष्ठानले जनाएको छ ।

**खेल समाचार**

## खोक्सिकमा खेलमैदान स्तरोन्नति

**भोजपुर/** यहाँको रामप्रसाद राई गाउँपालिका-८ खोक्सिकमा रहेको खेलमैदान स्तरोन्नतिका काम सुरू गरिएका छन्। स्थानीयस्तरमा खेलकुद क्षेत्रको विकासका लागि खेल मैदानलाई व्यवस्थित र सुविधासम्पन्न बनाउन लागिएको हो ।

वडाध्यक्ष बाचकुमार राईका अनुसार चालु आर्थिक वर्षमा प्रदेश सरकार र प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत करिब रू १५ लाखको लागतमा खेलमैदान स्तरोन्नति भइरहेको हो। उनले भने, "युवा पुस्तालाई खेलकुदतर्फ आकर्षित गर्दै स्थानीयस्तरमै खेल गतिविधि सञ्चालन गर्न सहज बनाउने उद्देश्यले मैदान स्तरोन्नतिको काम अघि बढाएका हौं ।" वडाध्यक्ष राईले आगामी दिनमा थप बजेटको व्यवस्थापन गरी दर्शक बस्ने स्थान, घेराबार, शौचालय तथा अन्य पूर्वाधार विकासका काम क्रमशः अघि बढाइने बताए। मैदानका स्तरोन्नतिपछि यहाँ फुटबल, भलिबललगायत विभिन्न खेल नियमित रूपमा सञ्चालन गर्न सहज हुनेछ । खेलमैदान स्तरोन्नतिले गाउँमै खेल प्रतियोगिता आयोजना तथा त्यसमार्फत स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न पनि सहयोग पुग्ने अपेक्षा रहेको स्थानीय युवा सिरोज श्रेष्ठले बताए ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

**कोशी.....**पर्यटन प्रवर्द्धन, सूचना प्रविधिको विस्तार तथा उद्योग क्षेत्रमा लगानीमैत्री वातावरण निर्माण गर्ने लक्ष्य राखिएको छ। सार्वजनिक सेवा प्रवाहलाई डिजिटल प्रणालीमार्फत छिटो, पारदर्शी र प्रभावकारी बनाउने कार्यक्रम पनि नीति तथा कार्यक्रममा समेटिएको छ । शिक्षा क्षेत्रमा प्राविधिक तथा सीपमूलक शिक्षामा जोड दिइने भएको छ भने स्वास्थ्य सेवामा अस्पताल सुदृढीकरण र पहुँच विस्तारलाई प्राथमिकता दिइने उल्लेख छ । त्यस्तै सामाजिक सुरक्षा कार्यक्रम विस्तार, महिला तथा पिछडिएका समुदायको सशक्तीकरण, सहकारी तथा वित्तीय क्षेत्र सुधार तथा भ्रष्टाचार नियन्त्रणलाई पनि सरकारले प्राथमिकतामा राखेको छ । प्रदेश सरकारले विपन्न नागरिक लक्षित 'कोशी जनता आवास कार्यक्रम'लाई आगामी आर्थिक वर्षमा निरन्तरता दिने जनाएको छ। नीति तथा कार्यक्रममार्फत प्रदेशलाई आत्मनिर्भर, समावेशी र सुशासनयुक्त बनाउने लक्ष्य लिइएको छ ।

**नेवि...**आएको अवस्थामा उनको उदयलाई काँग्रेसभित्र पुस्तान्तरण र महिला नेतृत्व विस्तारको संकेतका रूपमा हेरिएको छ । २०५७ सालमा जन्मिएकी कटुवाल १४ वर्षको उमेरमै एसएलसी परीक्षा दिएपछि नेविसंघको राजनीतिमा सक्रिय बनेकी थिइन् ।

**जोगवनी....**उनका अनुसार सो स्थानमा रहेको अग्लो पर्खाल भत्किएपछि तस्करहरूले पोका पारेर सामान ल्याउने तथा पर्खाल चढेर सीमा वारपार गर्ने गतिविधि बढेको थियो। त्यसलाई नियन्त्रण गर्न सीमित क्षेत्रमा फलामे काँडे तार लगाइएको हो। यसैबीच, तस्करी नियन्त्रणका लागि खटिएको सशस्त्र प्रहरीको टोलीले सोमबार मात्रै पाँच लाख ४८ हजार रूपैयाँभन्दा बढी मूल्यका अवैध सामान बरामद गरेको छ। जोगबनी नाका, दरैयाबस्ती तथा अन्य खुला सीमाक्षेत्रबाट नियन्त्रणमा लिइएका ती सामान भन्सार कार्यालय रानीमा बुझाइएको प्रहरीले जनाएको छ। बरामद सामानमा कस्मेटिक सामग्री, लत्ताकपडा तथा विभिन्न खाद्यान्न वस्तु रहेका छन्।

**रतुवा....**सोही क्रममा परिवारका सदस्यले शवको पहिचान गरेपछि पहिचान खुलेको हो । प्रहरीका अनुसार रमाको अन्यत्रै हत्या भएको र शव पुलमाथिबाट खोलामा फालिएको हुनसक्ने जनाइएको छ । डीएसपी खड्काले शवको पहिचान भएका कारण थप अनुसन्धान अघि बढाइएको जानकारी दिए ।


**ग्रेटर......**नेपालतर्फको जमिन प्रयोग गर्ने अवस्था रहेको बताइन्छ । प्रधानमन्त्रीले यही यथार्थ संसदमा उल्लेख गरेको सरकार पक्षको दावी रहेको छ ।

त्यसो त उक्त विषयले अन्तर्राष्ट्रिय जगतलाई समेत ध्यनाकर्षण गराएको छ । भारतीय मिडियाहरूले नेपालका प्रधानमन्त्रीको भनाई र मोदी सरकारको गराईको आलोचना गर्नुले अब उक्त विषय भारतीय संसदमा प्रवेश गर्ने संकेत गराएका छन् । भारतीय मिडियाले नेपालका प्रधानमन्त्रीका उक्त भनाईलाई नयाँ चालबाजीको रूपमा लिएर प्रसार प्रसार गर्दै आएको छ ।

प्रधानमन्त्रीको अभिव्यक्तिपछि परराष्ट्र मन्त्रालयले तत्काल स्पष्टीकरण जारी गर्दै उक्त भनाइ "क्रस बोर्डर अकुपेसन" र दशगजा अतिक्रमणसँग सम्बन्धित रहेको जनाएको छ। मन्त्रालयका अनुसार नेपाल-भारत सीमा निर्धारण गर्दा नदीलाई आधार मानिएको 'फिक्स्ड बाउन्ड्री प्रिन्सिपल' का कारण कतिपय स्थानमा एक देशका नागरिकले अर्को देशको भूभागमा पर्ने जग्गा उपयोग गर्ने अवस्था देखिएको हो। त्यसैले प्रधानमन्त्रीको भनाइलाई नेपालको भूमि दाबी परित्यागको रूपमा बुझ्न नहुने मन्त्रालयको तर्क छ ।

मन्त्रालयले स्पष्टीकरण जारी गर्दै प्रधानमन्त्रीको भनाइलाई नेपालको भूमि दाबी त्यागेको रूपमा नबुझ्न आग्रह गरेको छ । मन्त्रालयले कालापानी, लिपुलेक, लिम्पियाधुरा र सुस्ता क्षेत्रका सीमा विवाद यथावत् रहेको स्पष्ट पार्दै अन्य क्षेत्रको संयुक्त प्राविधिक अध्ययन जारी रहेको जनाएको छ । यस घटनाले नेपाल-भारत सीमा विवाद, कूटनीतिक रणनीति र राष्ट्रिय हितबारे नयाँ बहसलाई थप तीव्र बनाएको छ ।

खड्ग बहादुर खड्काको
**कविता संग्रह**
**ज्वाला**




विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।

सम्पर्क नम्बर : ९८४४६८०४९९

**सुर्यदर्शन बचत तथा ऋण सहकारी सस्था लि. दमक-६, झापाको**

## कर्जा नबुझाउने ऋणीको धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य बोलपत्रमा सहभागी हुने सम्बन्धी १५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८३।०२।१९ गते मंगलबार पूर्वसन्देश दैनिक*

यस संस्थाबाट कर्जा सुबिधा लिंदा गरेको सर्त अनुसार म्याद भित्र कर्जाको सावा, व्याज समेत नबुझाउनु भएको र कर्जाको सावा व्याज समेतको रकम बुझाउन पटक-पटक लिखित तथा मौखिक, जानकारी र मिति २०८२।११।०५ र २०८२।१२।२७ गते पूर्वसन्देश राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत यस संस्थालाई तिर्न/बुझाउनु पर्ने सावा र व्याज रकम नबुझाएको तथा तिरे/बुझाएको प्रमाण पेश नगरेका हुँदा, ऋणी सदस्यले कर्जा सुरक्षण बापत उपलब्ध गराएको धितो शिलबन्दी बोलपत्रद्वारा लिलाम डाक बडाबड प्रकृया मार्फत बिक्री गरी सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५को दफा ३०, संस्थाको पुनरलिखित विनियम २०८० तथा नेपाल सरकारको प्रचलित ऐन काननु बमोजिम संस्थाले आफ्नो लेना रकम असुल उपर गर्नेभएकाले तपशिल बमोजिमको धितोमा रहेको अचल सम्पत्ति सकार गरी लिन ईच्छुकहरुलाई तपशिलका शर्तहरुको अधिनमा रहि गोप्य बोलपत्रमा सहभागी हुन यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ ।

**तपशील**

**१. ऋणी तथा जमानत दिनेको बिबरण**



नाम : दिलिप शर्मा
बाबु : जगनाथ शर्मा
बाजे : उमानाथ शर्मा
ठेगाना : दमक-१० झापा
हाल ठेगाना : बिर्तामोड न.पा.-४ झापा
ना.प्र.नं. : २३१११५२२५ झापा
जारी मिती : २०५७०५।०९



नाम : भिमा देबि वाशकोटा (शर्मा)
बाबु: लक्ष्मी नारायण वाशकोटा
पति: दिलिप शर्मा
ठेगाना: दमक-१० झापा
हाल ठेगाना: बिर्तामोड न.पा.-४ झापा
ना.प्र.नं.: ०४०३०४४।५५५ झापा
जारी मिती: २०६३।११।१५

***धितो दिईएको घरजग्गाको बिवरण*** *: अनारमनी-४, हाल बिर्तामोड न.पा.(४) सिट नं.-१७९००८०१७ कि.नं.-८ को क्षेत्रफल-२८८.३० ब.मि. जग्गा र सो जग्गामा बनेको ३ तले घर समेत ।*
***न्युनतम मूल्य*** *रु. ६,५०,००,०००। अक्षरेपि छ करोड पचास लाख रुपैयाँ मात्र ।*

**लिलाम बोलपत्रसम्बन्धी शर्तहरू**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थाको कार्यालय दमक-६, झापामा आइपुग्ने गरी पेश गर्नुपर्ने छ।
२) बोलपत्र फाराम रू.१०० तिरी उपलब्ध हुनेछ र आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।
३) माथि उल्लेखित धितो सुरक्षण जे जस्तो अवस्था सोही अवस्थामा,मिति २०८३।०३।०२ गतेका दिन दिउँसो १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्र मिति २०८३।०३।०२ गते दिनको ४:०० बजे संस्थाको कार्यालयमा उपस्थित जनप्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका सबै जनप्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलामसम्बन्धी कार्य हुनेछ।
६) बोलपत्रदाताले आफूले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबुल गरेको अंकको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी बापत सप्तकेशी डेभलभमेन्ट बैंक दमक शाखाको खाता नं. ०२९००००१३२००१ मा जम्मा गरेको सक्कल रसिद वा भौचर शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ।
७) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ।
८) बोलपत्रमा बोलपत्रकर्ता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा पान दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।
९) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र संस्थामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ।
१०) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र बाँकी सम्पूर्ण रकम संस्थामा बुझाई तोकिएको समयभित्र बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भइ धरौटी रकम स्वतः जफत् हुनेछ।
११) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क दै दस्तुर, कर तथा अन्य शुल्क इत्यादी बोलपत्र दाताले नै व्यहोर्नुपर्नेछ।
१२) बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन।
१३) म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
१४) बोलपत्र लगाउने अन्तिम मितिसम्ममा सम्बन्धित ऋणीले नै सम्पूर्ण रकम बुझाएमा बोलपत्र रद्द गरी सम्बन्धित ऋणीलाई नै निजको सम्पत्ति फिर्ता गरिनेछ।
१५) लिलाम गर्ने भनिएको उल्लेखित सम्पत्ति कसैले नबुझाएमा स्वयमूले सहकारी ऐन २०७४ को व्यवस्था अनुसार सकार गरी संस्थाको नाममा राख्ने छ।

**पुनश्चत** : धितोबन्धक लेखिदिनेलाई सूचना - उपरोक्त व्यवहोरा अवगतार्थ अनुरोध गर्दै धितो लिलाम हुने लिखित जानकारी यो सूचना प्रकाशन भएको पत्रिका सहित सम्बन्धित ऋणीको घर ठेगानामा हुलाक मार्फत पठाइएको छ। सो प्राप्त नभएमा पनि यसै सूचनालाई जानकारी प्राप्त भएको मानिनेछ। सूचनाको म्याद भित्र यथाशिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलामका शर्तहरु बमोजिम बिक्रि कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मूल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ।

**सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-६, झापा (फोन: ०२३-५७५४०१/५७५६०१)

---

दर्ता नं.: १ (क) १ (८) ०५०/०५१ (जि.स.का मोरङ) | प.द.नं.: ५०/०७७/०७८ | प्यान नं.: ३०३३२१६३३
सुनपकुवा स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लि.
Sunpakuwa Swavalambi Saving & Credit Co-operative Society Limited

## ऋणीहरुलाई ऋण चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना

*दोस्रो पटक प्रकाशित मिति २०८३/०२/१९*

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले उत्पादनमूलक र घरकाज ऋण शिर्षक अन्तर्गत लिएको ऋण सुविधाको साँवा, व्याज तथा हर्जना यस संस्था संग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउन पर्नेमा सो नबुझाएको हुँदा ऋण चुक्ता गर्ने सम्बन्धमा पटक पटक मौखिक,टेलिफोन,घरदैलो तथा पत्रचार मार्फत तरताकेता गर्दा समेत सोको बेवास्ता गरी संस्थामा तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई संस्था संगको सर्त बन्देज उल्लघंन गरेकोले ऋण चुक्ता गर्नको लागि यो १५ दिने सुचना प्रकाशित गरिएको छ ।

यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको ऋणको सम्पुर्ण सांवा, व्याज, हर्जना तथा अन्य दस्तुर भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानुन, सहकारी नियमावली, संस्थाको संस्था संचालन कार्यबिधि २०६१(चौथो संसोधन २०८०) तथा संस्थासंग गरेको लिखत बमोजिम धितोमा रहेको चल-अचल सम्पति बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

**तपशील**

| क्रस | ऋणीको विवरण | धितो जमानीको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | **नाम :** धनमाया श्रेष्ठ<br>**बुवाको नाम :** पदम बहादुर श्रेष्ठ<br>**पतीको नाम :** विशाल खड्का<br>**ठेगाना :** उर्लाबारी-१, मिलन चौक<br>**सदस्यता नं. :** २२९३<br>**ना.प्र.नं. :** १२०११ (मोरङ) | **नाम :** धनमाया श्रेष्ठ<br>**बुवाको नाम :** पदम बहादुर श्रेष्ठ<br>**पतीको नाम :** विशाल खड्का<br>**ठेगाना :** उर्लाबारी-१, मिलन चौक<br>**ना.प्र.नं. :** १२०११(मोरङ)<br>जारी मिति **: २०५५।०२।०६** | **सावित**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** मधुमल्ला<br>**वडा नं. :** ८/क<br>**कित्ता नं. :** १६४९<br>**क्षेत्रफल :** ०-०-१४-२ |
| २ | **नाम :** टिकादेवी ढुङ्गाना<br>**बुवाको नाम :** भानुभक्त गौतम<br>**पतीको नाम :** कृष्णभक्त ढुङ्गाना<br>**ठेगाना :** उर्लाबारी-४,<br>**सदस्यता नं. :** २१७<br>**ना.प्र.नं. :** १४९(तेह्रथुम) | **नाम :** टिकादेवी ढुङ्गाना<br>**बुवाको नाम :** भानुभक्त गौतम<br>**पतीको नाम :** कृष्णभक्त ढुङ्गाना<br>**ठेगाना :** उर्लाबारी-४,<br>**ना.प्र.नं. :** १४९(तेह्रथुम)<br>जारी मिति **: २०४४।१०।२६** | **सावित**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** मधुमल्ला<br>**वडा नं. :** ९/घ<br>**कित्ता नं. :** ६९२<br>**क्षेत्रफल :** ०-१-०-० |
| ३ | **नाम :** सजना राई<br>**बुवाको नाम :** काली बहादुर लिम्बु<br>**पतीको नाम :** शंकर राई<br>**ठेगाना :** उर्लाबारी-२,<br>**सदस्यता नं. :** ६२४<br>**ना.प्र.नं. :** ०५२००६/२०६१९(मोरङ)<br>जारी मिति **: २०६९।०३।१७** | **नाम :** शंकर राई<br>**बुवाको नाम :** बल बहादुर राई<br>**बाजेको नाम :** रविलाल राई<br>**ठेगाना :** उर्लाबारी-२,<br>**ना.प्र.नं. :** १०११३/३५८७ (मोरङ)<br>जारी मिति **: २०५४।०५।१९** | **सावित**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** लेटाङ<br>**वडा नं. :** ७/क<br>**कित्ता नं. :** २१९,५४६<br>**क्षेत्रफल :** ०-१-२-०<br>**क्षेत्रफल :** ०-७-१०-० |

---

दर्ता नं.: १ (क) १ (८) ०५०/०५१ (जि.स.का मोरङ) | प.द.नं.: ५०/०७७/०७८ | प्यान नं.: ३०३३२१६३३
सुनपकुवा स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लि.
Sunpakuwa Swavalambi Saving & Credit Co-operative Society Limited

## ऋणीहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति २०८३/०२/१९*

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले उत्पादनमूलक र घरकाज ऋण शिर्षक अन्तर्गत लिएको ऋण सुविधाको साँवा, व्याज तथा हर्जना यस संस्था संग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउन पर्नेमा सो नबुझाएको हुँदा ऋण चुक्ता गर्ने सम्बन्धमा पटक पटक मौखिक,टेलिफोन,घरदैलो तथा पत्रचार मार्फत तरताकेता गर्दा समेत सोको बेवास्ता गरी संस्थामा तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई संस्था संगको सर्त बन्देज उल्लघंन गरेकोले ऋण चुक्ता गर्नको लागि यो ३५ दिने सुचना प्रकाशित गरिएको छ ।

यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको ऋणको सम्पुर्ण सांवा, व्याज, हर्जना तथा अन्य दस्तुर भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानुन, सहकारी नियमावली, संस्थाको संस्था संचालन कार्यबिधि २०६१ ( चौथो संसोधन २०८०) तथा संस्थासंग गरेको लिखत बमोजिम धितोमा रहेको चल-अचल सम्पति बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

***तपशिल***

| क्रस | ऋणीको विवरण | धितो जमानीको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | **नाम :** कौशिला लिम्बु<br>**बुवाको नाम :** देउमान तुम्प्रेक<br>**पतीको नाम :** डम्बर बहादुर लिम्बु<br>**ठेगाना :** उर्लाबारी-३, कार्की चौक<br>**सदस्यता नं. :** १६९<br>**ना.प्र.नं. :** १२४६/९५४(मोरङ) | **नाम :** कौशिला लिम्बु<br>**बुवाको नाम :** देउमान तुम्प्रेक<br>**पतीको नाम :** डम्बर बहादुर लिम्बु<br>**ठेगाना :** उर्लाबारी-३, कार्की चौक<br>**ना.प्र.नं. :** १२४६/९५४(मोरङ) | **सावित**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** मधुमल्ला<br>**वडा नं. :** ९/ग<br>**कित्ता नं. :** २४४६<br>**क्षेत्रफल :** ०-०-१२-० |
| २ | **नाम :** सविता न्यौपाने<br>**बुवाको नाम :** भवानी शंकर भट्टराई<br>**पतीको नाम :** नरेन्द्र कुमार न्यौपाने<br>**ठेगाना :** उर्लाबारी-२,<br>**सदस्यता नं. :** ५२८<br>**ना.प्र.नं. : ३८ (मोरङ)** | **नाम :** सविता न्यौपाने<br>**बुवाको नाम :** भवानी शंकर भट्टराई<br>**पतीको नाम :** नरेन्द्र कुमार न्यौपाने<br>**ठेगाना :** उर्लाबारी-२,<br>**ना.प्र.नं. : ३८ (मोरङ)** | **सावित**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** लेटाङ<br>**वडा नं. :** ७/क<br>**कित्ता नं. :** ७९२<br>**क्षेत्रफल :** ०-१-०-० |
| ३ | **नाम :** हेम कुमारी बानियाँ<br>**बुवाको नाम :** दल बहादुर पौडेल<br>**पतीको नाम :** जंग बहादुर बानियाँ<br>**ठेगाना :** उर्लाबारी-२,<br>**सदस्यता नं. :** ३०९७<br>**ना.प्र.नं. :** ६४३८६२७८(मोरङ) | **नाम :** हेम कुमारी बानियाँ<br>**बुवाको नाम :** दल बहादुर पौडेल<br>**पतीको नाम :** जंग बहादुर बानियाँ<br>**ठेगाना :** उर्लाबारी-२,<br>**ना.प्र.नं. :** ६४३८६२७८(मोरङ) | **सावित**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** लेटाङ<br>**वडा नं. :** ८/क<br>**कित्तानं.:** ८८८<br>**क्षेत्रफल :** ०-३-१०-० |
| ४ | **नाम :** डिल्लीमाया दर्जी<br>**बुवाको नाम :** वीर बहादुर दर्जी<br>**पतीको नाम :** बम बहादुर दर्जी<br>**ठेगाना :** उर्लाबारी-४, किशान चौक<br>**सदस्यता नं. :** १३२६<br>**ना.प्र.नं. :** ०५३०१७/५३०(मोरङ) | **नाम :** लक्ष्मी धमला नेपाली<br>**बुवाको नाम :** लिला बहादुर बिश्वकर्मा<br>**पतीको नाम :** बिक्रम नेपाली<br>**ठेगाना :** उर्लाबारी-४, किशान चौक<br>**ना.प्र.नं. :** ०५२०१७/३७२२४(मोरङ) | **सावित**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** मधुमल्ला<br>**वडा नं. :** ९/घ<br>**कित्ता नं. :** २५२६<br>**क्षेत्रफल :** ०-०-७-० |
| ५ | **नाम :** राजेन्द्र थापा<br>**बुवाको नाम :** रण बहादुर थापा<br>**बाजेको नाम :** गरुढध्वज थापा<br>**ठेगाना :** उर्लाबारी-४,<br>**सदस्यता नं. :** १९३६<br>**ना.प्र.नं. :** १५४४/१६२७(मोरङ) | **नाम :** रण बहादुर थापा<br>**बुवाको नाम :** गरुढध्वज थापा<br>**बाजेको नाम :** लाल बहादुर थापा<br>**ठेगाना :** उर्लाबारी-४,<br>**ना.प्र.नं. :** १४९(तेह्रथुम) | **सावित**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** मधुमल्ला<br>**वडा नं. :** ५/ङ<br>**कित्ता नं.** ३६७१,३६६९<br>**क्षेत्रफल :** ०-९-९-२<br>**क्षेत्रफल :** ०-०-१-२ |
| ६ | **नाम :** बुद्धिमाया धिमाल<br>**बुवाको नाम :** भक्त बहादुर धिमाल<br>**बाजेको नाम :** सुवालाल धिमाल<br>**ठेगाना :** उर्लाबारी-२,<br>**सदस्यता नं. :** ३२७७<br>**ना.प्र.नं. :** ४१२० /३६०७(मोरङ) | **नाम :** बुद्धिमाया धिमाल<br>**बुवाको नाम :** भक्त बहादुर धिमाल<br>**बाजेको नाम :** सुवालाल धिमाल<br>**ठेगाना :** उर्लाबारी-२,<br>**ना.प्र.नं. :** ४१२० /३६०७(मोरङ) | **सावित**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** लेटाङ<br>**वडा नं. :** ९/ख<br>**कित्ता नं. :** २२७<br>**क्षेत्रफल :** ०-३-९-० |

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल